# खजुरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
बाँके, बाँके
५ नं. प्रदेश, नेपाल

Contract# 081560112
mail- khajura666@gmail.com

## औषधी आपूर्ति सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७४।०७।२८**

**आ.ब. २०७४।०७५ सुचना नं. ०१**

**यस कार्यालयको लागि आवश्यक औषधी सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजत पत्र प्राप्त इच्छुक व्यक्ति, फर्म, तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।**

१. यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र कम्पनी/फर्म चालु आ.ब.२०७४।०७५ मा नवीकरण भएको ईजाजत प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, आयकर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र औषधी आपूर्ति गर्ने ईजाजतपत्रको प्रमाणित प्रतिलिपी लगायतका अन्य आवश्यक प्रमाणहरु संलग्न राखी रु.१०।- को टिकट निवेदनमा टाँस गरी कार्यालय समय भित्र छुट्टाछुटै निवेदनबाट दरभाउपत्र फारम दस्तुर (फिर्ता नहुने गरी ) रु. १०००। रकम बुझाई यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।

२. दरभाउपत्रदाताले दरभाउपत्र खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र खरिद गर्नु पर्ने छ । खरिद भएको दरभाउपत्र यो सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र दरभाउपत्र फाराममा सहीछाप गरि दरभाउपत्र दाताको नाम, ठेगाना, फोन तथा फ्यास नं. समेत खुलाई सिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराउन सकिने छ ।

३. दर्ता भएका दरभाउपत्रहरु सोही दिनको १ बजे दरभाउपत्रदाताका वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुनेछ ।

५. सिलबन्दी दरभाउपत्र साथ रु.१६,५०,०००। रकम बराबरको दरभाउपत्र जमानत एन आई सि एसिया बैंक लि.खजुरा शाखा स्थित ग-३ आन्तरिक खाता नं. B 141498621524004 NPR मा जम्मा गरेको सक्कलै बैक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको,प्रचलित कानुनले तोकेको अवधि भएको दरभाउपत्र जमानी पत्र (विडवन्ड) पेश गर्नु पर्ने छ ।

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner

६. दरभाउपत्र स्वीकृत भएपछि सूचना अनुसारको अंकको ५% ले हुने रकम बरावरको ग-३ आन्तरिक खातामा जम्मा गरेको बैंक भौचर वा कार्यालयले तोकेको अवधि सम्मको बैंक कार्यसम्पादन जमानतपत्र पेश गर्नु पर्ने छ ।

७. औषधी खरिद गर्दा **WHO GMP Certified Company** बाट उत्पादित औषधीहरु मात्र खरिद गरिने छ । बोतलमा सप्लाई हुने औषधीहरु प्लाटीक बोतलमा भएको हुनु पर्ने छ र बांकी औषधीहरु स्ट्रीपमा हुनुपर्नेछ ।

८. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा औषधिको सिलबन्दी नमूना अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

९. प्रत्येक औषधीहरुको औषधी निर्यातकर्ताले औषधी व्यवस्था विभागबाट म्याद भएको छुट्टाछुट्टै Authorization प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

१०. सारभूत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये आइटमवाइज सबै भन्दा घटी दर कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।

११. कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उल्लेखित औषधीको परिमाणमा थपघट गर्न सकिने छ ।

१२. अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. अन्य कुराहरु बुझ्न परे कार्यालयको फोन नं.०८१ ५६०११२ मा सम्पर्क गर्न सकिने छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | विवरण | दरभाउपत्र दस्तुर | दरभाउपत्र जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१।२०७४/०७५ | औषधि खरिद | १,०००।०० | .................... | |

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner